# थासाङ गाउँपालिकाको आर्थिक ऐन २०७५

थासाङ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावना** : थासाङ गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने तथा आय संकलनको प्रशासनिक ब्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम थासाङ गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :(क) यस ऐनको नाम थासाङ गाउँपालिकाको आर्थिक ऐन २०७५ रहेको छ ।

(ख) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि थासाङ गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पत्ति कर** : गाउँपालिका क्षेत्रभित्र यसै ऐन बमोजिमको नियमावलीले तोकेबमोजिम एकीकृत सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)** : गाउँपालिका क्षेत्रभित्रका जग्गामा त्यस्तो जग्गाको उपभोगका आधारमा प्रतिरोपनी रु ४० का दरले भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर जग्गा बहाल कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा त्यस्तो बहाल रकममा १० प्रतिशत घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ ।

५. **ब्यवसाय कर** : गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवा मा पूजीँगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसुचि (१) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ । कृषि तथा पशु व्यवसाय करमा सोही अनुसुचिको कैफियतमा उल्लेख भएबमोजिम कर छुट दिइनेछ ।

६. **मेशिनरी तथा सवारी साधन दर्ता नविकरण सिफारिश** : गाउँपालिका क्षेत्रभित्र मेशिनरी तथा सवारी साधन दर्ता नवीकरण सिफारिश बापत अनुसुचि २ मा उल्लेख भए बमोजिम शुल्क उठाइनेछ ।

७. **बहाल बिटौरी शुल्क** : गाउँपालिका क्षेत्रभित्र सरकारी रकमको लगानीमा निर्मित सामुदायिक भवन, आमा समुह भवन, युवा क्लब भवन तथा अन्य सभागृह वा सभाहलमा बार्षिक रु २५०० शुल्क लगाइने र असुल उपर गरिनेछ। लेकमा लाग्ने मेलामा प्रति स्टल रु ५०० र बेशीमा लाग्ने मेलामा प्रति स्टल रु १५०० कर लगाइने र असुल उपर गरिनेछ।

८. **सेवा शुल्क, दस्तुर** : गाउँपालिकाले उपलब्ध गराएको सेवामा सेवाग्राहीबाट अनुसुची ३ मा उल्लेख भए बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ।

९. **छायाङ्कन शुल्क** : गाउँपालिका क्षेत्र भित्र छायाङ्कन हुने फिल्म, डकुमेन्ट्री म्युजिक भिडियो को छायाङ्कन शुल्क बापत अनुसुचि ४ मा उल्लेख भए बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ।

१०. **कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन।

११. **कर तथा शूल्क संकलन सम्बन्धि नियमावली** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शूल्क संकलन सम्बन्धी नियमावली गाउँ कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

अनुसूची १

<table>
<tr><td rowspan="4">होटेल व्यवसाय कर</td><td>क बर्ग</td><td>१६०००</td><td></td></tr>
<tr><td>ख बर्ग</td><td>८०००</td><td></td></tr>
<tr><td>ग बर्ग</td><td>४०००</td><td></td></tr>
<tr><td>घ बर्ग</td><td>१६००</td><td></td></tr>
<tr><td rowspan="3">पसल ब्यवसाय कर</td><td>क बर्ग</td><td>१६०००</td><td></td></tr>
<tr><td>ख बर्ग</td><td>४०००</td><td></td></tr>
<tr><td>ग बर्ग</td><td>८००</td><td></td></tr>
<tr><td>खुद्रा व्यवसाय कर</td><td colspan="2">८००</td><td></td></tr>
<tr><td colspan="2">फर्निचर उद्योग कर</td><td>१६०००</td><td></td></tr>
<tr><td colspan="2">ब्लक उद्योग कर</td><td>१००००</td><td></td></tr>
<tr><td colspan="3">कृषि तथा पशु ब्यवसाय कर</td><td>कैफियत</td></tr>
<tr><td colspan="2">प्रति चौरी</td><td>५०</td><td>५ वटा सम्म चौरी लाइ कर छुट</td></tr>
<tr><td colspan="2">प्रति बाखा भेडा</td><td>२५</td><td>२५ वटा सम्म बाखा र भेडा लाइ कर छुट</td></tr>
<tr><td colspan="2">फल लागेको स्याउको प्रतिबोट</td><td>२५</td><td>१ रोपनी सम्मको स्याउ खेतीलाई कर छुट</td></tr>
<tr><td colspan="2">फल लागेको ओखरको प्रतिबोट</td><td>५००</td><td></td></tr>
</table>

**अनुसूची २**

| मेशीनरी तथा सवारी साधन हरु (दर्ता नवीकरण सिफारिश) | |
|---|---|
| १०००० | प्रति स्क्याभेटर |
| ६००० | प्रति जेसीबी |
| ४००० | प्रति टिपर, ट्रक, बस, ट्रयाक्टर |
| ३००० | प्रति जीप |
| १५०० | प्रति ट्याक्सी |
| ५०० | प्रति मोटर साइकल |

**अनुसूची ३**

| क्र.स. | सिफारिशका किसिम | दस्तुर (रु.) |
|---|---|---|
| १ | ब्यक्तिगत घटना दर्ता | १०० |
| २ | नाता प्रमाणित गर्ने | ३०० |
| ३ | नागरिकता सिफारिश गर्ने | ३०० |
| ४ | नागरिकता प्रतिलिपि सिफारिश | २०० |
| ५ | जन्ममिति प्रमाणित | २०० |
| ६ | व्यापार व्यवसाय संचालन तथा बन्द सिफारिश | ३०० |
| ७ | विवाह प्रमाणित तथा अविवाहित प्रमाणित | १५० |
| ८ | निःशुल्क तथा सशुल्क स्वास्थ्य उपचार सिफारिश | १०० |
| ९ | वडाबाट जारी हुने सिफारिश तथा अन्य कागजातलाई अंग्रेजी भाषामा समेत सिफारिश तथा प्रमाणित | ५०० |
| १० | घर पाताल प्रमाणित | ३०० |
| ११ | व्यक्तिगत विवरण प्रमाणित गर्ने | ३०० |
| १२ | जग्गाधनी दर्ता प्रमाणपुर्जामा घर कायम गर्ने सिफारिश | ३०० |
| १३ | कुनै ब्यक्तिको नाम, थर, जन्म मिति तथा वतन फरक-फरक भएको भए सो ब्यक्ति एृकै हो भनी सिफारिश | २०० |
| १४ | नाम, थर जन्ममिति संशोधन सिफारिश | २०० |
| १५ | जग्गाधनी दर्ता प्रमाणपुर्जा हराएको सिफारिश | ३०० |
| .१६ | जीवित सँगको नाता प्रमाणित | ३०० |
| १७ | मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन | ३०० |

| | | |
|---|---|---|
| १८ | हकदार प्रमाणित गर्ने | ३०० |
| १९ | नामसारी सिफारिश | ३०० |
| २० | विद्यालयको कक्षा थप सिफारिश | ५०० |
| २१ | वैवाहिक अंगीकृत नागरिकता सिफारिश | ५०० |
| २२ | आर्थिक अवस्था कमजोर सिफारिश | १०० |
| २३ | धारा तथा विद्युत जडान सिफारिश | २०० |
| २४ | अन्य सिफारिश | १५० |
| २५ | अशक्त अनाथ असहाय पालन पोषण सिफारिश | १०० |
| २६ | संस्थागत विद्यालय ठाउँसारी सिफारिश | ५०० |
| २७ | आधारभुत विद्यालय खोल्न सिफारिश | ५०० |
| २८ | उद्योग ठाउँसारी सिफारिश | ५०० |
| २९ | संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिश गर्ने | १५० |
| ३० | कित्ताकाट गर्न सिफारिश गर्ने | ३०० |
| ३१ | मोही लगत कट्टा सिफारिश | २०० |
| ३२ | बहाल करको लेखाजोखा सिफारिश गर्ने | ३०० |
| ३३ | आय प्रमाणित | कुल आय रकमको ०.०५ प्रतिशत |
| ३४ | सम्पत्ति मूल्याङ्कन | कुल सम्पत्तिको ०.०२५ प्रतिशत |
| ३५ | यार्सागुम्बाको बाहिरी निकाशीको लागि छुटपुर्जी सिफारिश | रु १०००० प्रति केजी |

**अनुसूची ४**

स्वदेशी छायाङ्कन (डकुमेन्ट्री, म्युजिक भिडियो) - रु ३,०००।-
स्वदेशी चलचित्र छायाङ्कन - रु १०,०००।-
विदेशी छायाङ्कन (डकुमेन्ट्री, म्युजिक भिडियो) - रु १०,०००।-
विदेशी चलचित्र - रु २०,०००।-

# थासाङ गाउँपालिकाको विनियोजन ऐन २०७५

## थासाङ गाउँपालिकाको आर्थिक बर्ष २०७५।७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति २०७५।०३।३२

**प्रस्तावना** : थासाङ गाउँपालिकाको आर्थिक बर्ष २०७५।७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम थासाङ गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम थासाङ गाउँपालिकाको विनियोजन ऐन , २०७५ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक बर्ष २०७५।७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** :

आर्थिक बर्ष २०७५।७६ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त चालु खर्च १५,४२,७२,५००।-(अक्षेरुपी पन्ध्र करोड बयालीस लाख बहत्तर हजार पाँच सय रुपैँया मात्र) पूँजिगत खर्च ७,०७,०८,०००।-(अक्षेरुपी सात करोड सात लाख आठ हजार रुपैँया मात्र) समेत गरी जम्मा रकम रु. २२,४९,८०,५००।- (अक्षेरुपी बाइस करोड उनान्चास लाख असी हजार पाँच सय रुपैयामात्र ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन** : (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक बर्ष २०७५।७६ को निमित्त थासाङ गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत

हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च तर्फ विनियोजित रकम चालु खर्च शीर्षक तर्फ सार्न सकिने छैन । तर चालु तथा पुँजिगत खर्च ब्यहोर्न एक श्रोत बाट अर्को श्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।